कालेमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश नेपाल

रामपुर सल्यान

प.स. २०७९/८०

च.नं. ९९०

मिति:२०७९/११/०३

**आगामी आ.व.२०८०/८१ का लागी बेरोजगार व्यक्ति सुचिकरण सम्बन्धी सूचना।**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधामन्त्री रोजगार कार्यक्रमको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (दोस्रो संशोधन २०७८ सहित) को आधारमा आगामी आर्थिक वर्ष २०८०/८१ मा यस कालिमाटी गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समोन्वयमा प्रदान गरीने १०० दिनको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्ने ईच्छुक सामाजिक र आर्थिक अवसरवाट वन्चित महिला,आदिवासी,जनजाती,दलित,सिमान्तकृत समुदाय तथा विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले २०७९/११/१देखि २०७९/११/३० गते सम्म आफुले स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन तपसिल वमोजिमका कागजात सहित अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**न्यूनतम रोजगारीमा संलग्न आवश्यक मापदण्ड :**

- ✓ एक आर्थिक वर्षमा न्युनतम १०० (एक सय) दिनको रोजगारीमा संलग्न नभएको,
- ✓ एक आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्युनतम १०० दिनको रोजगारी प्रस गर्ने नेपाल सरकारले तोकिएको न्युनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको,
- ✓ १८ देखी ५९ वर्ष उमेर समुहको,
- ✓ पुर्ण विवरण सहित रितपुर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक।

**आवश्यक कागजात:**

- ✓ नागरिकताको प्रतिलिपी एक थान,
- ✓ पासपोर्ट साईजको फोटो एक प्रति,
- ✓ परिवरका सबै सदस्यहरुको नागरिकताको प्रतिलिपी एक/एक प्रति,
- ✓ विवाह दर्ताको प्रतिलिपी/बसाईसराईको प्रमाणपत्र (नागरिकता जारी जिल्ला फरक भएमा),
- ✓ निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वकृत लिई बैदेशिक रोजगारमा जान नपाएको भए सोको प्रमाण पुष्टी गर्ने प्रमाणपत्रको प्रतिलिपी,

आवेदन फारम वडा कार्यालयबाट निःशुल्क प्रास गर्न सकिने छ, साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट प्रास गर्न सकिने छ।

थप जानकारीका लागी रोजगार सेवा केन्द्र वा सो सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा वेबसाईटमा अपलोड गर्नुहुन।

खिम बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत